# नवौं गाउँ कार्यपालिकाको बैठक

## कपुरकोट गाउँपालिका, सल्यान

आज मिति २०८२ साल चैत्र ११ गते दिउसो ११:०० बजे यस कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा कपुरकोट गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को नवौं गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री बालाराम खड्का | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री इश्वर बुढा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री प्रदिप खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मित्रलाल कटायत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री होमराज खड्का | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री श्याम कृष्ण वोहरा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री विमल कामी | कार्यपालिका सदस्य | |
| १० | श्री तिला कुमारी कामी | कार्यपालिका सदस्य | तिला |
| ११ | श्री राधिका ऐरी | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री अनिता पुन | कार्यपालिका सदस्य | |
| १४ | श्री तीला बुढाथोकी रोका | कार्यपालिका सदस्य | |
| १७ | श्री दिनेश पौडेल | सचिव,प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | श्री इसु श्री शर्मा | कम्प्युटर अपरेटर | |
| २ | श्री विष्णु प्रसाद आचार्य | लेखा अधिकृत | |
| ३ | श्री तारादेवी सेन | सहयोगी | |

पाना ॥८॥ मध्ये पाना ॥१॥

आ.व. २०८२/०८३ को नवौं गाउँकार्यपालिका बैठकका प्रस्तावहरु :

१. कार्यपालिकाको बैठकको समीक्षा सम्वन्धमा।
२. सार्वजनिक सुनुवाई सञ्चालन सम्वन्धमा।
३. LGPAS को मूल्यांकन नतिजा समीक्षा सम्वन्धमा।
४. योजना संझौता सम्वन्धमा।
५. पाङग्राङ खानेपानी सञ्चालन तथा व्यवस्थापन योजनामा नपुग वजेट थप सम्वन्धमा।
६. वजेट तर्जुमा सम्वन्धी कार्यतालीका स्वीकृत सम्वन्धमा।
७. विविध सम्वन्धमा।

## २०८२ चैत्र १५ गते बसेको आ.व. २०८२/०८३ को नवौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय | सम्बन्धित शाखा |
|---|---|---|---|---|---|
| १. | कार्यपालिका वैठकको समीक्षा सम्वन्धमा। | विगतका कार्यपालिकाको वैठकबाट निर्णय भए गरेका निर्णयहरुको कार्यान्वयन र सोको प्रभावको बारेमा समेत समीक्षा गर्नु पर्ने। | चालु आ.व.का कार्यपालिकाको निर्णयहरुको कार्यान्वयनको सम्वन्धमा छलफल गरी समीक्षा गरियो। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |
| २. | सार्वजनिक सुनुवाई सञ्चालन सम्वन्धमा। | सुशासन (सञ्चालन तथा व्यवस्थापन), २०६४ अनुसार प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्नु पर्ने भएकोमा चालु आ.व.को दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रम चैत्र मसान्त भित्र सम्पन्न गर्नु पर्ने भएको। | सुशासन (सञ्चालन तथा व्यवस्थापन), २०६४ अनुसार प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्नु पर्ने भएकोमा चालु आ.व.को दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रम चैत्र मसान्त भित्र सम्पन्न गर्नु पर्ने भएकोले उक्त कार्यक्रम वडा नं.२ को वडा कार्यालयमा मिति २०८२/१२/२७ गते दिनको ११ वजे आयोजना गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

पाना ॥८॥ प्रष्ठे पाना ॥२॥

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | LGPAS को आ.व. २०८१/०८२ को मूल्यांकन नतिजा समीक्षा सम्वन्धमा। | स्थानीय तहको कार्य सम्पादन मूल्यांकन प्रणाली(LGPAS) सम्वन्धी कार्यविधि,२०८२ अनुसार कपुरकोट गाउँपालिकाको आ.व.२०८१/०८२ को शाखागत विवरण प्रणालिमा प्रविष्ट भई प्राप्त भएको नतिजाको सम्वन्धमा कार्यपालिकामा छलफल गर्नु पर्ने। | स्थानीय तहको कार्य सम्पादन मूल्यांकन प्रणाली(LGPAS) सम्वन्धी कार्यविधि,२०८२ अनुसार कपुरकोट गाउँपालिकाको आ.व.२०८१/०८२ को शाखागत विवरण प्रणालिमा प्रविष्ट भई प्राप्त भएको नतिजाको सम्वन्धमा प्रमुख प्रशासकीय अधिकृतवाट प्रारम्भिक प्रतिवेदन प्रस्तुत भयो। प्रतिवेदन अध्ययन गरी हेर्दा अधिकांश विषयक्षेत्रहरुमा राम्रो नतिजा देखिएको साथै वन वातावरण तथा विपद् व्यवस्थापनको क्षेत्र र रोजगारको क्षेत्रमा न्यून कार्यसम्पादन भएको देखिएकोले थप सुधार गर्ने गरी कार्यसम्पादन गर्न सम्वन्धित विषयगत समिति र शाखाहरुलाई निर्देशन गर्ने साथै प्रारम्भिक नतिजा अनुसारको प्राप्तांक ८३ लाई सदर गरी समीक्षको लागि जिल्ला समन्वय समितिमा पेश गर्ने निर्णय गरियो। | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |
| ४. | योजना संझौता सम्वन्धमा | चालु आ.व. २०८२/०८३ को उपभोक्ता समितिमार्फत सम्पादन गरिने योजना तथा कार्यक्रमहरुको संझौता गर्ने कार्य समापन गर्ने सम्वन्धमा। | चालु आ.व. २०८२/०८३ को उपभोक्ता समितिमार्फत सम्पादन गरिने योजना तथा कार्यक्रमहरु मध्ये संझौता गर्न वाँकी योजना तथा कार्यक्रमरुको समय सीमा चैत्र १५ निर्धारण गरिएकोमा संशोधन गरी चैत्र मसान्त कायम गर्ने र सो पश्चात कुनै पनि योजना संझौता नगर्ने निर्णय गरियो। | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | पाङग्राङ खानेपानी सञ्चालन तथा व्यवस्थापन योजनामा नपुग वजेट थप सम्वन्धमा। | पाङग्राङ खानेपानी सञ्चालन तथा व्यवस्थापन योजनामा चालु आ.व.मा रु.१ लाख ८० हजार विनियोजन भएकोमा प्राविधिक लागत अनुमान अनुसार योजना सम्पन्न हुन विनियोजित रकम अपुग भएको। | पाङग्राङ खानेपानी सञ्चालन तथा व्यवस्थापन योजनामा चालु आ.व.मा रु.१ लाख ८० हजार विनियोजन भएकोमा प्राविधिक लागत अनुमान अनुसार योजना सम्पन्न गर्न गाउँपालिकाले वेहोर्नु पर्ने रकम, कन्टिन्जेन्सी र मर्मत संभार कोषमा छुट्टाउनु पर्ने रकम समेत गरी रु.[illegible]५८३४४।०० आवश्यक पर्ने भएको देखिएकोले नपुग रकम अन्य योजनामा खर्च नभएर वचत हुने रकमवाट वेहोर्ने गरी आँउदो गाउँसभामा पेश गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |
| ६. | वजेट तर्जुमा सम्वन्धी कार्यतालीका स्वीकृत सम्वन्धमा। | आगामी आ.व. २०८३/०८४ को वजेट योजना तथा कार्यक्रम तर्जुमाको कार्यलाई योजनावद्धरुपले विधिसम्मत तुल्याउन सुनियोजित कार्य तालिका वनाई कार्यान्विन गर्नु पर्ने भएको। | आगामी आ.व. २०८३/०८४ को वजेट योजना तथा कार्यक्रम तर्जुमाको कार्यलाई योजनावद्धरुपले विधिसम्मत तुल्याउन सुनियोजित कार्य तालिका वनाई कार्यान्विन गर्नु पर्ने भएकोले स्थानीय तहको योजना तर्जुमा दीघदर्शनि,२०७८ अनुसारको चरण तथा कार्यहरु सम्मिलित अनुसूची-१ अनुसारको कार्यतालिका स्वीकृत गरी कार्यान्वियन गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |
| ७. | विविध सम्वन्धमा। | कर्मचारी भर्ना सम्वन्धमा। | ७.१.यस कपुरकोट गाउँपालिकाको स्वीकृत अस्थायी दरवन्दी अन्तर्गत रिक्त रहेको प्रहरी जवान पदमा पदपूर्तिका लागि गाँउकार्यपालिकालाई सहमति प्रदान गर्ने।<br>७.२. वडा नं.३ वटा वालमैत्री वडा सहजकर्ता नियुक्तिका लागि सीफारिस प्राप्त भएकोले खुला प्रतिप्पर्धावाट पदपूर्तिका लागि सहमति प्रदान गर्ने।<br>७.३. रीम आयुर्वेद अस्पताल, रीम र स्वास्थ्य चौकी रीमवाट | ऐ.ऐ. | ऐ.ऐ. |



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तत् निकायमा रिक्त रहेको कार्यालय सहयोगी पदमा पदपूर्तिका लागि सिफारिस भई आएकोले कपुरकोट गाउँपालिकामा करारमा जनशक्ति व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८२को दफा १४ को उपदफा १(घ) बमोजिम चालु आ.व.को वैकल्पिक योग्यताक्रम मध्येवाट १ नं. र २ नं. योग्यताक्रमका उम्मेदवारहरुलाई नियुक्त गर्न गाउँकार्यपालिकाको कार्यालयलाई अनुमती प्रदान गर्ने | | |

पाना ०६।। मध्ये पाना ०५।।

## अनुसूची-१

(कपुरकोट गाउँकार्यपालिकाको आ.व. २०८२/०८३ को नवौं बैठकको मिति २०८२/१२/१५ गतेको निर्णय नं.६ संग सम्वन्धित)

| सि.नं. | कार्यक्रम/गतिविधि | समयतालिका | जिम्मेवार समिति/ पदाधिकारी | कै. |
|---|---|---|---|---|
| १ | आगामी आ.व.को आय व्ययको प्रक्षेपण गरी संघ र प्रदेश अर्थ मन्त्रालयमा प्रेशित गर्ने | पौष मसान्त भित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | सम्पन्न |
| २ | संघबाट अनुदान र राजस्व बाँडफाँटको सीमा प्राप्त गर्ने | फाल्गुन मसान्त भित्र | संघ र प्रदेश | बाँकी |
| ३ | आन्तरिक आयको प्रक्षेपण गरी पेश गर्ने | २०८२ चैत्र २६ गते | राजस्व परामर्श समिति/उपाध्यक्ष/राजस्व शाखा | |
| ४ | गै.स.स. र अन्य साँझेदार संग पूर्व बजेट छलफल | २०८३ वैशाख १० गते | योजना शाखा | |
| ५ | उपभोक्ता समिति/राजनीतिक दल लगायतका अन्य सरोकारवालाहरु संगको पूर्व बजेट छलफल | २०८३ वैशाख १५ गते | योजना शाखा | |
| ६ | नीति तथा कार्यक्रमको मस्यौदा तयार | वैशाख २२ गते सम्म | विषयगत समिति सम्वद्ध शाखा प्रमुखहरुले तयार गरी प्रमुख प्रशासकीय अधिकृतले सम्पादन गर्ने | |
| ७ | नीति तथा कार्यक्रमको मस्यौदा कार्यपालिकाबाट स्वीकृत | वैशाख २८ गते | अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका |
| ८ | नीति तथा कार्यक्रमको मस्यौदा सभामा पेश गर्ने | वैशाख ३० गते | अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत | गाउँसभा |
| ९ | आगामी आ.व.को बजेटको प्राथमिकता, बजेट सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्ने | वैशाख २४ गते | बजेट सीमा निर्धारण समिति/अध्यक्ष | |
| १० | वडा समिति र विषयगत शाखालाई बजेट सीमा र मार्गदर्शन उपलब्ध गराउने | वैशाख २९ गते | प्रमुख प्रशासकीय अधिकृत | |
| ११ | बस्ति स्तरमा योजना छनौट सम्बन्धी भेलाको कार्यतालिका तयार गर्ने | जेठ ५ गते | वडा समिति/वडा अध्यक्ष/वडा सचिव | वडा समिति बैठक |
| १२ | बस्ति स्तरमा योजना छनौट गरी वडा समितिमा पेश गर्ने | जेठ १६ गते सम्म | टोलविकास समिति/वडा समिति | |
| १३ | वडाबाट योजनाहरुको प्राथमिकीकरण गरि गाउँपलिकामा पेश गर्ने | जेठ २५ गते | वडा अध्यक्ष/वडा सचिव | |
| १४ | विषयगत समितिबाट योजना तथा कार्यक्रमहरु पेश गर्ने | जेठ १४ गते सम्म | विषयगत शाखा प्रमुख | |
| १५ | गै.स.स.को कार्यक्रमहरुको समावेश गर्ने | जेठ२५ गते सम्म | योजना शाखा | |
| १६ | एकीकृत प्रस्ताव तयार गर्ने | जेठ २७ गते सम्म | योजना शाखा/आ.प्र. शाखा | |
| १७ | विषयगत समितिमा छलफल | जेठ २९ गते | विषयगत समिति संयोजक/शाखा प्रमुख | |
| १८ | बार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने | असार ३ गते सम्म | बजेट तर्जुमा समिति/उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत/योजना शाखा/आ.प्र.शाखा | |
| १९ | आर्थिक विधेयकको मस्यौदा तयार गर्ने | असार ५ गते भित्र | राजस्व शाखा | |
| २० | विनियोजन विधेयकको प्रस्ताव तयार गर्ने | असार ५ गते भित्र | आ.प्र. शाखा | |

| | | | | |
|---|---|---|---|---|
| २१ | विभिन्न विषयगत समितिको प्रगती प्रतिवेदन तयार गर्ने | असार ५ गते भित्र | विषयगत समिति हेर्ने सम्वन्धित शाखा प्रमुख | |
| २२ | वजेट तथा कार्यक्रम सम्वन्धी एकीकृत प्रस्ताव कार्यपालिकावाट स्वीकृत गर्ने | असार ८ गते | अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका |
| २३ | सभामा वजेट पेश गर्ने | असार १० गते | अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत | गाउँसभा |
| २४ | सभावाट वजेट स्वीकृत गर्ने | असार २२ गते | अध्यक्ष | गाउँसभा |
| २५ | अध्यक्षले प्रमुख प्रशासकीय अधिकृत लाई वजेट खर्चको अख्तियारी प्रदान गर्ने | असार ३० गते भित्र | अध्यक्ष | |
| २६ | प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा र वडालाई वजेट खर्च अख्तीयारी प्रदान गर्ने | साउन १२ गते भित्र | प्रमुख प्रशासकीय अधिकृत | |
| २७ | वजेट पुस्तिका छपाई गर्ने | साउन मसान्त भित्र | जिन्सी शाखा | |
| २८ | वार्षिक प्रतिवेदन तयार गर्ने | साउन मसान्त भित्र | सवै शाखा प्रमुख | |
| २९ | वार्षिक कार्ययोजना तयार गर्ने | साउन मसान्त भित्र | सवै शाखा प्रमुख | |
| ३० | खरिद योजना तयार गर्ने | साउन मसान्त भित्र | खरिद समिति/जिन्सी शाखा | |